नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, मुस्ताङ

प.सं. ०७८/७९

च.नं.

मिति: २०७९/०२/२६

## E-Passport सेवा सुरु भएको सम्बन्धि सूचना।

यस कार्यालयबाट साविकमा प्रदान हुँदै आएको राहदानीसम्बन्धि सेवा विद्युतीय राहदानीको सेवा प्रदान गर्नका लागि केही समय स्थगन भएकोमा आज मिति २०७९/०२/२७ देखि E-Passport को सेवा प्रारम्भ भएको व्यहोरा जानकारी गराउँदै उक्त सेवाका सम्बन्धमा निम्न प्रक्रियाका आधारमा सेवा प्रवाह हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

१.विद्युतीय राहदानीको लागि फाराम भर्दा/ आवेदन गर्दा आवेदनकर्ता स्वयंले राहदानी विभागको ( राहदानी फाराम सम्बन्धि) लिंक https://emrtds.nepalpassport.gov.np मा गै स्वयंले सम्पूर्ण व्यहोरा भरी यस कार्यालयको लागि मिति र समय बुक गरी Enrollment and Verification का लागि तोकिएको मितिमा यस कार्यालयमा सम्पर्क गर्नुपर्ने । **(यस कार्यालयबाट कसैको पनि फाराम भर्ने व्यवस्था नभएको हुँदा सेवाग्राही स्वयंले फाराम भरी आउनुपर्ने)**

२. यस कार्यालयमा Enrollment and Verification का लागि आउँदा अनलाइन फारामको प्रिन्ट र सक्कल नागरिकता साथमै लिई सम्बन्धित व्यक्ति स्वयं उपस्थित भएको हुनुपर्ने ।

३. यस कार्यालयबाट प्रति दिन बढीमा १० बटा विद्युतीय राहदानीको Enrollment and Verification को सेवा प्रदान गर्न सकिने हुँदा कुनै दिनको मिति Booking भैसकेको खण्डमा अर्को नजिकको दिनका लागि Enrollment and Verification को मिति छनौट गर्नुपर्ने ।

४. अनलाइन फाराम भर्ने सम्बन्धि सम्पूर्ण जानकारीका लागि https://nepalpassport.gov.np /application-procedure मा हेर्नुहुन ।

२०७९/२/२६

रामचन्द्र ढकाल

सहायक प्रमुख जिल्ला अधिकारी